# सहायता कहाँ पाउने

तपाईंलाई यदि आफू पैसा म्युलिङको शिकार भएको जस्तो लाग्छ भने, तपाईंले www.cyber.gov.au मा रहेको खबर (Report) गर्ने बटन प्रयोग गरी तुरून्तै प्रहरीलाई जानकारी दिनुपर्छ।

# सहायताका लागि अन्य स्रोतहरू

**स्थानीय प्रहरी**
१३१ ४४४

**तीनवटा शुन्य**
जीवन जोखिमपूर्ण रहेको आपतकालीन अवस्थामा
000

**Australian Federal Police (अष्ट्रेलियाली संघीय प्रहरी)**
www.afp.gov.au

**CrimeStoppers (क्राइमस्टपर्स)**
**अज्ञात रूपमा खबर गर्नुहोस्**
१८०० ३३३ ०००
crimestoppers.com.au

**सामाजिक सञ्जाल**
तपाईंले पोस्ट देख्नुभएको सामाजिक सञ्जालको मंचमा यो घोटाला हो भनेर खबर गर्नुहोस्।

**IDCARE (आई.डी.केयर)**
National identity and cyber support service (राष्ट्रिय पहिचान र साइबर सहायता सेवा)
www.idcare.org

**तपाईंको बैंक**
तपाईंको बैंक वा वित्तीय संस्थालाई तुरून्तै सम्पर्क गर्नुहोस्

**सामाजिक सञ्जाल**
घोटालाहरू मा पनि खबर गर्न सकिन्छ।
scamwatch.gov.au

**Lifeline (लाइफलाइन)**
संकट सहायता लाइन
१३ ११ १४

AFP | ///JPC3
JOINT POLICING CYBERCRIME COORDINATION CENTRE

# सतर्क रहनुहोस्

## अपराधीहरूले विश्वविद्यालयका विद्यार्थीहरूलाई लक्षित गरिरहेका छन्



यदि कसैले तपाईंलाई भुक्तानी पाउनको लागि तपाईंको बैंक खाताबाट पैसा लेनदेन गर्न भन्छन् भने, उनीहरूले तपाईंलाई पैसाको म्युल बनाउन लागेका छन्।

**#DontBeAMule**

**अपराधीहरूले** विद्यार्थीहरूलाई लक्षित गर्दैछन् (अनलाइन र व्यक्तिगत रूपमा) र उनीहरूलाई आफ्नो बैंक खातामा पैसा पाउन र अर्को खाता वा क्रिप्टोकरेन्सी आदानप्रदान मार्फत पठाउनका निम्ति भुक्तानीको प्रस्ताव गर्छन्।अपराधीहरूद्वारा चोरीको पैसा अरूको तर्फबाट पठाउनका निम्ति कहिलेकाहीँ अनजानमै पनि **पैसाको म्युलको भर्ती गर्दछ**।

लेनदेन गरिएको पैसा अपराधीहरूले प्राय: अन्य गम्भीर अपराधहरू जस्तै **साइबर अपराध, आतंकवाद र मानव बेचबिखन जस्ता गतिविधिहरूमा खर्च गर्न प्रयोग गर्छन्।**

अष्ट्रेलियामा, पैसा म्युलिङमा भाग लिनु एक गम्भीर आपराधिक कार्य हो। यदि दोषी ठहरिएमा तपाईंलाई **१२ महिनादेखि आजीवन जेल सजाय हुन सक्छ।**

आपराधिक गतिविधिमा संलग्न हुनुका साथै, तपाईं आफ्नो बैंक वा वित्तीय संस्थाका सर्तहरू उल्लङ्घन गर्ने जोखिममा पर्न सक्नुहुन्छ र तपाईंले**आफ्ना बैंक खाताहरूमा** पहुँच गुमाउन सक्नुहुन्छ।

**अपराधीहरूले तपाईंलाई निम्न माध्यम मार्फत सम्पर्क गर्न सक्छन्:**

! सामाजिक सञ्जाल (जस्तै फेसबुक, इन्स्टाग्राम, स्न्यापच्याट)

! तत्काल सन्देश पठाउने एपहरू (जस्तै व्हाट्सएप, भाइबर, टेलिग्राम)

! नक्कली जागिरका प्रस्तावहरू (जस्तै 'पैसा रकमान्तर गर्ने प्रतिनिधिहरू')

! प्रत्यक्ष सम्पर्क व्यक्ति वा इमेल मार्फत अनलाइन पप-अप विज्ञापनहरू

## व्हाट्सएपमा पैसा म्युल-जागिर घोटालाको एउटा उदाहरण:

तपाईंले एक अज्ञात नम्बरबाट तपाईंलाई पैसा रकमान्तर गर्ने प्रतिनिधिको रूपमा काम गर्ने प्रस्ताव गरेको सन्देश प्राप्त गर्नुहुन्छ।




# पैसाको म्युल बनाउने भर्ती घोटालाहरूबाट सुरक्षित रहनुहोस्

## रोक्नुहोस्

- प्रस्ताव पत्याउनै गाह्रो हुने जस्तो छ कि छैन भनेर सोच्न एक क्षण समय निकाल्नुहोस्, सावधान रहनुहोस्।
- छिटो र सजिलै पैसा कमाउने मौका प्रदान गर्ने जागिरका विज्ञापनहरूबारे शङ्का गर्नुहोस्।

## जाँच गर्नुहोस्

- सम्भावित रोजगारदाताबारे उचित अनुसन्धान नगरी कुनै पनि अवसरको लागि साइन अप नगर्नुहोस्। उदाहरणका लागि, के उनीहरूको अनलाइन उपस्थिति छ? के सम्पर्क विवरणहरू वैध छन्? के यो विदेशमा अवस्थित छ?

## अस्वीकार गर्नुहोस्

- ठूला रकमहरू प्रस्ताव गर्ने कुनै पनि अनलाइन पोस्टहरूमा संलग्न नहुनुहोस्।
- तपाईंले नचिनेका मानिसहरूबाट आएका सन्देशका अनुरोधहरू स्वीकार नगर्नुहोस्, र यदि तपाईंलाई एकजना साथीमार्फत क्लिक गर्नको लागि लिङ्क भएको सन्देश आयो भने, तपाईंले जवाफ पठाउनु अघि उनीहरूसँग व्यक्तिगत रूपमा कुरा गर्नुहोस्।
- बैंक र व्यक्तिगत विवरणहरू आफूले नचिनेको वा विश्वास नगर्ने कसैसँग साझा नगर्नुहोस् - चाहे ती साथीहरू वा परिवारका बीचमै किन नहोस्।
- यदि कसैले तपाईंको खाता चलाउन 'उधारो' माग्छ भने, हुँदैन भन्नुहोस्।
- यदि तपाईंलाई केही कुरा सहि भइरहेको छैन जस्तो शंका लाग्छ भने, प्रस्ताव अस्वीकार गर्नुहोस्।

## स्वीकार गर्नुहोस्

- प्रतिष्ठित रोजगारीका साइटहरू र दर्ता भएका व्यवसायहरूसँग मात्र कारोबार गर्नुहोस्।

यो सधैँ याद राख्नुहोस् कि यदि तपाईं पैसाको स्रोतको बारेमा निश्चित हुनुहुन्न भने, यो आपराधिक गतिविधिबाट आएको हुन सक्छ। पैसाको म्युल बन्ने र परिणामस्वरूप आपराधिक अभियोगमा पर्ने जोखिम नलिनुहोस्, यदि तपाईं अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्छ भने आपराधिक सजायले तपाईंको विद्यार्थी प्रवेशाज्ञा योग्यतालाई पनि असर गर्न सक्छ।